नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गुल्मी

प.सं.०७७।७८
च.नं. ८८८९

मितिः-२०७८।०३।१५

विषयः वैठकको निर्णय पठाईएको सम्वन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, गुल्मी ।

श्री नगर कार्यपालिकाको कार्यालय सबै, गुल्मी ।

श्री गाउँ कार्यपालिकाको कार्यालय सबै, गुल्मी ।

श्री जिल्ला प्रहरी कार्यालय, गुल्मी ।

श्री संग्राम शार्दुल गुल्म, धागिथुम तम्घास, गुल्मी ।

श्री सशस्त्र प्रहरी बल नेपाल नं.३७ हे.क्वा.गुल्म, गुल्मी ।

श्री राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, गुल्मी ।

श्री गुल्मी अस्पताल, गुल्मी ।

श्री स्वास्थ्य कार्यालय, गुल्मी ।

प्रस्तुत विषयमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, गुल्मीका संयोजक प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माको अध्यक्षतामा मिति २०७८/०३/१५ गते वसेको वैठकको निर्णय पाना-२ आवश्यक कार्यान्वयनको लागी यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

२०७८।०३।१५

(उद्धव पन्थी)
प्रशासकीय अधिकृत

फोन नं. ०७९-५२०१३३ (प्र.जि.अ.) ०७९-५२०८३३ फ्याक्स नं.०७९-५२०२८४/२४२ E-mail: daogulmi2046@gmail.com
noticeboard 1618079520833 Web : daogulmi.moha.gov.np facebook.com/daogulmi

बैठक संख्या : २९

मिति:२०७८/०३/१५

## जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), गुल्मीको बैठकका निर्णयहरु ।

१. यस जिल्लामा कोभिड-१९ को नयाँ भेरियन्टको हालसम्म परिक्षण (पिसिआर तथा एन्टीजेन परीक्षण गरी) ९७५१ भएको र ३४४१ जनामा संक्रमण पुष्टि भएको छ । जिल्लामा मिति ०७८/०३/१४ गते सम्मको रेकर्ड बमोजिम ९० जना संक्रमीतको मृत्यु भएको, ३१९ सकृय संक्रमित रहेकोमा आइसोलेसनमा उपचाररत संख्या-८ तथा ३११ होम आइसोलेसनमा रहेका र ३०३२ जना निको भएका छन् । मृत्यु भएका मध्ये २२ जनाको नेपाली सेनाबाट शव व्यवस्थापन भएको छ भने अन्य ६८ जनाको आफन्तहरुले व्यवस्थापन गरेका छन् । जिल्लाभर १७५ आइसोलेसन बेड तयार भई संचालनमा रहेका छन् भने अक्सिजन सिलिण्डर संख्या-२९७ जसमध्ये भरी २२५ र खाली ७२ रहेका छन् ।

२. कुनै वडामा परीक्षणको ७५.८०% सम्म संक्रमित भेटीएकोले जोखिम स्थानमा परीक्षण बढाउन स्थानीयतहलाई अनुरोध गर्ने । परीक्षण ३०% भन्दा बढी संक्रमित देखिएको उक्त वडा, टोलमा हिडडुल, सवारी साधन संचालन र व्यापार व्यवसायमा रोक लगाउने ।

३. कोभिड-१९ को संक्रमणको जोखिम कायम रहेकोले मिति २०७८/०३/०७ गते सोमबार राती १२:०० बजे देखि २०७८/०३/१५ गते मंगलबार राती १२:०० बजेसम्म लगाइएको निषेधाज्ञालाई २०७८/०३/१५ गते मंगलबार राती १२:०० बजे देखी २०७८/०३/२२ गते मंगलबार राती १२:०० बजेसम्म निरन्तरता दिने गरी प्रमुख जिल्ला अधिकारीलाई सिफारिस गर्ने । निषेधाज्ञा अवधिभर देहाय बमोजिम गर्ने ।

देहाय:

क. निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।

ख. सवै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न, मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा महोत्सव गर्न तथा कुनै पनि प्रकारको खेलकुद संचालन गर्न निषेध गर्ने।

ग. विद्यालय, शिक्षालय, तालिम केन्द्र, सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नांचघर, क्लव, फुटसल, जिमखाना, व्युटी पार्लर, शैलुन, सुनचांदी पसलहरु लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने ।

घ. मठ मन्दिरहरु तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पुजा वाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधीहरु बन्द गर्ने ।

ङ. एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, कृषि मल तथा बीउ, पुस्तक बोकेका सवारी साधन, कपडा, जुत्ता, इलेक्ट्रोनिक सामान बोकेका साधन, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ सामग्री बोकेका सवारी साधनहरु, क्वारेन्टिन तथा आइसोलेसनमा बिरामीको उपचारमा खटिएका सवारीसाधन, अत्यावश्यक सेवाका सरकारी सवारी साधन, प्रेस पास तथा परिचयपत्र वाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु बाहेक गुल्मी जिल्लाभर यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरुको संचालनमा रोक लगाउने ।

बैठक संख्या : २९ मिति:२०७८/०३/१५

## जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), गुल्मीको बैठकका निर्णयहरु ।

च. विवाह, व्रतवन्ध, मृत्यु संस्कार जस्ता संस्कार तथा सामाजिक कार्यमा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी घर परिवारका सदस्य १० जना नबढ्ने गरी निजी घरमा सम्पन्न गर्ने ।होटल तथा पार्टी प्यालेसमा संचालन नगर्ने ।

छ. औषधी एवम् स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने।अत्यावश्यक दैनिक उपभोगका सामग्री जस्तै पेट्रोलियम पदार्थ, दुध, पानी, ग्याँस, खाद्यान्न फलफुल, तरकारी, माछा, मासु, निर्माण सामाग्री, पशुपन्छीका दाना, एग्रोभेट, कपडा, फेन्सी, जुत्ता, भाडा, इलेक्ट्रोनिक, प्रिन्टिङ, टेलरिङ, सुनचाँदी पसल, स्टेशनरी, पुस्तक पसलहरु लगायत निषेध गरिएका बाहेक अन्य पसलहरु निषेधाज्ञा अवधिमा बिहान ६ बजेदेखि दिउसो १ बजे सम्म सञ्चालन गर्ने ।

ज. होटल तथा रेष्टुरेन्टले बिहान ७ बजे देखि बेलुका ७ बजे सम्म टेक अवे तथा होम डेलिभरी सेवा सञ्चालन गर्ने ।

झ. स्वास्थ्य, सुरक्षा, संचार, विद्युत, खानेपानी, भेटेनरी, दमकल, विकास निर्माणका कार्यालय सुचारु गर्ने ।

ञ. सरकारी तथा गैरसरकारी कार्यालयबाट अत्यावश्यक सेवा दिने गरी कार्यालय खुला गर्ने । सरकारी कार्यालयबाट प्रदान हुने अत्यावश्यक सेवा सम्बन्धीत कार्यालयले जानकारी गराउने ।

ट. कार्यालयबाट मात्र सेवा प्रवाह गर्ने गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरेर बैंक, बिमा कम्पनी, वित्तिय संस्था तथा सहकारीहरुले बिहान १० बजेदेखि दिउसो ३ बजे सम्म सेवा प्रदान गर्ने ।

ठ. सवारी साधन मर्मतका लागि वर्कसपहरु साँझ ७ बजेसम्म संचालन गर्ने ।

ड. शैक्षिक संस्थाहरुले अनलाइन र भर्चुअल माध्यमबाट पठन पाठन कार्यहरु संचालन गर्न सक्ने ।

ढ. अत्यावश्यक उपभोग्य तथा खाद्यवस्तुको आपूर्तीको व्यवस्था गुल्मी उद्योग वाणिज्य संघ, मुसिकोट नगर उद्योग वाणिज्य संघ तथा च्याम्बर्स अफ कमर्सले मिलाउने ।

ण. राष्ट्रिय गौरवका र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा काम गर्ने कामदारलाई कार्यस्थलमै रहने व्यवस्था मिलाई विकास निर्माणका आयोजना सुचारु गर्ने ।

त. स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा, सामुदायीक स्वास्थ्य केन्द्र अनिवार्य रुपमा खोली आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने ।

थ. अत्यावश्यक सेवामा प्रयोग हुने सवारी साधन बाहेक अन्य सवारी साधन नचलाउने, बिरामी ओसारपसार तथा मृत्यु संस्कारमा प्रशासनको अनुमती लिने, अनुमती लिन तत्काल सम्भव नभए सुरक्षाकर्मीलाई मौखीक जानकारी गराएर मात्र हिड्ने ।

द. निषेधाज्ञा अवधिभर अत्यावश्यक सेवा बाहेक अन्य प्रयोजनको लागि सवारी पास जारी नहुने । अत्यावश्यक कामको लागि जारी हुने सवारी पास इलेक्ट्रोनिक माध्यमबाट मात्र हुने ।

ध. औषधी तथा अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तीमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, लुकाउने, सहज आपूर्तीमा अवरोध गर्ने उपर कारवाही गरिनेछ ।